# खरिदार तहको लोक सेवा आयोग परिक्षा तयारी कक्षा सञ्चालन का लागि सिलबन्दी प्रस्ताब आहवान सम्बन्धी पनौती नगरपालिकाको जरुरी सूचना

(प्रथम पटक प्रकाशित मितिः-२०७३।०१।१७ )

यस नगरपालिकाको चालु आ.ब. ०७२।०७३ का लागि पिछडिएका जातजातिका महिलाहरुको लागि लोक सेवा परिक्षा तयारी सम्बन्धी तालिम कार्यक्रम र महिलाहरुको लागि लोक सेवा परिक्षा तयारी सम्बन्धी तालिम कार्यक्रम मा स्वीकृत बजेट ब्यबस्थाको अधिनमा रही खरिदार तहको कक्षा  सञ्चालन गर्न इच्छुक फर्म/कम्पनी/संघ/संस्थाहरुलाई यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र सिलबन्दी प्रस्ताब पेश गर्न यो सुचना प्रकाशन गरिएको छ । प्रस्ताब फाराम रु ३००।- नगद भुक्तानी गरी यो सुचना प्रकाशन भएको मितिले १५ दिन सम्म यस कार्यालयको कर उपशाखाबाट कार्यालय समय भित्र खरिद गर्न सकिने छ । खरिद गरिएको प्रस्ताब फाराम सिलबन्दी गरी १६ औं दिन दिनको १२.०० बजे भित्र नगरपालिकामा दर्ता गर्नुपर्ने छ । दर्ता हुन आएका सिलबन्दी फारामहरु १६ औं दिन दिनको २.०० बजे यस कार्यालयमा खोलिने छ । यस सम्बन्धी विस्तृत बिवरण यस नगरपालिका, जिल्ला बिकास समितिको कार्यालय, जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रकको कार्यालय, काभ्रेको सुचना पाटीमा टाँस गरिएको छ । साथै यस सम्बन्धी आवश्यक जानकारी नगरपालिकाको सामाजिक बिकास शाखामा सम्पर्क राखि बुझ्न सकिने  छ ।

## कक्षा सञ्चालनका शर्तहरु

१. लोक सेवा आयोग तयारी कक्षा पनौती नगरपालिकाको उपयुक्त स्थानमा सञ्चालन गर्नु पर्ने छ।

२ लोक सेवा आयोग तयारी कक्षा हप्ताको कम्तिमा ६ दिन सञ्चालन गर्नु पर्ने छ।

३. तयारी कक्षाको जम्मा अवधी ४५ दिनको हुने छ।

४. लोक सेवा तयारीका सैद्धान्तिक बिधी र प्रक्रियाहरुलाई अवलम्बन गरि कक्षा सञ्चालन गर्नु पर्ने छ।

४. ४० जना सहभागी हरुलाई लक्षित गरी कक्षा सञ्चालन गर्नु पर्ने छ।

५. कक्षाका सहभागीहरुको छनौट नगरपालिकाले गर्ने छ।

६. कक्षाका सहभागीहरु दलित, बिपन्न महिला तथा नागरिक सचेतना केन्द्रका सहभागी सदस्यहरु वा निजहरुका परिवारका सदस्यहरु हुनेछन।

७. कक्षा सञ्चालन प्रत्येक दिन कम्तीमा ३ घण्टा हुनुपर्ने छ।

८. कार्यक्रम सञ्चालन गर्न इच्छुक फर्म/कम्पनी ,संघ संस्थाले निबेदन सहित तपशिल बमोजिमका कागजातहरु पेश गर्नु पर्ने छ।

(क) संस्था दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपी

(ख) कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी

(ग) मु. अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपी

(घ) प्रशिक्षकको ब्यक्तिगत बिवरण।

९. कक्षा का सहभागी प्रशिक्षार्थीहरु कम्तीका एस. एल. सी. परिक्षा उतिर्ण गरेको हुनुपर्ने छ।

१०. प्रशिक्षकले लोक सेवा आयोग तथा अन्य यस्तै प्रकृतीका कम्तीमा २ वटा तालिमहरु सञ्चालन गरेको हुनुपर्ने छ।

११. तालिम सञ्चालन गर्ने संघ संस्थाले तालिम सम्पन्न भएपछी ३ प्रति प्रतिबेदन नगरपालिकामा पेश गर्नु पर्ने छ।

१२. संस्था छनौट गर्ने अन्तिम अधिकार नगरपालिकामा निहित रहने छ।

१३. आवश्यक प्रकृया पुरा भएका तथा सबैभन्दा कम अंक कबोल गर्ने संघ संस्था लाई छनौट गरि तालिम सञ्चालन गर्ने अनुमति प्रदान गरिने छ।

१४. तालिम हलको ब्यबस्था तालिम दिने संस्था स्वयंले गर्नु पर्नेछ।